# विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट कार्यविधि, २०८३

**प्रस्तावना**: विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्ति गर्न वाञ्छनीय भएकोले,

विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावली, २०७३ को नियम ३६ को प्रयोजनको लागि कम्पनीको सञ्चालक समितिले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत छनौट कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कम्पनी" भन्नाले विद्युत उत्पादन कम्पनी लिमिटेड सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले विद्युत उत्पादन कम्पनी लिमिटेडको नियमावली, २०७३ सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ।

(घ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(ङ) "छनौट समिति" भन्नाले दफा ३ बमोजिमको छनौट समिति सम्झनु पर्छ।

३. **छनौट समिति** : (१) कम्पनीको प्रमुख कार्यकारी अधिकृत छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहने गरी एक छनौट समिति रहनेछ :-

(क) समितिले तोकेको सञ्चालक - संयोजक

(ख) समितिले तोकेको सञ्चालक - सदस्य

(ग) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ - सदस्य

(२) छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) छनौट समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विषय विज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४. <u>दरखास्त आह्वान गर्नु पर्ने</u> : (१) प्रमुख कार्यकारी अधिकृतको छनौटका लागि छनौट समितिले राष्ट्रिय स्तरको दैनिक पत्रिका र कम्पनीको वेवसाइटमा पन्ध्र दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र तीन वा सो भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद समाप्त भएको तीन दिनभित्र पुनः सात दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा पुनः सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम थप भएको म्यादभित्र थप दरखास्त प्राप्त नभएमा उपदफा (१) बमोजिमको म्यादभित्र प्राप्त भएका दरखास्तलाई छनौटको प्रक्रियामा समावेश गरिनेछ।

५. <u>दरखास्तको सूचनामा खुलाउनु पर्ने विषयहरु</u> : (१) छनौट समितिले दफा ४ बमोजिम दरखास्त आह्वानको सूचनामा देहाय बमोजिमका विवरण खुलाउनु पर्नेछ :-

(क) दरखास्त पेश गर्ने मिति, समय, स्थान र माध्यम,

(ख) उम्मेदवारले पेश गर्ने कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरी उम्मेदवार आफैले दस्तखत गरी प्रतिलिपि पेश गर्नु पर्ने विषयहरु,

(ग) प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रिया,

(घ) प्रमुख कार्यकारी अधिकृतको पदको कार्य विवरण,

(ङ) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र अन्य सुविधा,

(च) कार्य सम्पादन सम्झौता गर्नु पर्ने विषय,

(छ) नियमावलीको नियम ३६ को उपनियम (५) बमोजिम उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,

(ज) उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, व्यावसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको

प्रतिलिपिहरु र सरकारी कोष तथा लगानीबाट पारिश्रमिक दिने पदमा कार्यरत उम्मेदवारले सम्बधित संस्थाको सहमतिपत्र,

(झ) उम्मेदवारले आफ्नो दरखास्त साथ अंग्रेजी टाइम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्टमा बाह्र साईजमा पाँचहजार शब्दमा नबढ्ने गरी कम्पनीको व्यावसायिक रणनीति सहितको कार्ययोजना नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा तयार गरी सोको तीन प्रति सिलवन्दी गरी सहिछाप गरी खामको बाहिर पट्टी मात्र नाम थर ठेगाना लेखी पेश गर्नु पर्ने विषय,

(ञ) खण्ड (झ) बमोजिम उम्मेदवारले कार्ययोजना बनाउँदा दफा ६ बमोजिम बनाउनु पर्ने विषय र

(ट) अन्य आवश्यक विषय।

(२) दरखास्त आह्वानको सूचनामा उपदफा (१) मा उल्लेख भएका विवरणको अतिरिक्त उम्मेदवारले नियमावलीको अनुसूची-१ बमोजिमका विषयहरु उल्लेख गरी हस्ताक्षर गरी स्वघोषणाको कागज समेत पेश गर्नु पर्ने व्यहोरा समेत खुलाउनु पर्नेछ।

(३) उम्मेदवारले दरखास्त दिंदा कागजात र व्यावसायिक रणनितिक योजना छुट्टा छुट्टै खाममा पेश गर्नु पर्नेछ।

६. <u>व्यावसायिक रणनीति तथा कार्ययोजना</u> : प्रमुख कार्यकारी अधिकृतको उम्मेदवारले व्यावसायिक रणनीति तथा कार्ययोजना तयार गर्दा कार्यविवरणका आधारमा देहायका बुँदाहरु समेत समावेश गर्नु पर्नेछ :-

(क) विद्युतको उत्पादन, लगानी तथा विकासको अन्तर्राष्ट्रिय परिदृश्य, ऊर्जाको माग तथा आपूर्तिको प्रवृति र अवस्था, नेपालमा जलविद्युत तथा अन्य स्रोतबाट उत्पादन हुने विद्युत उत्पादनमा विद्यमान अभ्यास, नेपालमा जलविद्युत विकासको वर्तमान अवस्था, विद्युत आयोजनाको आवश्यकता, सम्भाव्यता, चुनौती, जलविद्युत क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीका स्रोतहरु,

(ख) कम्पनीको परिचय र उद्देश्य, कम्पनीको आगामी रणनीतिक योजनाको अवधारणा, संस्थागत सुशासन, आयोजनाको करार व्यबस्थापन, खरिद व्यवस्थापन, निर्माण व्यवस्थापन, वित्तीय व्यवस्थापनका नीतिगत एवम् व्यवहारिक पक्षको विश्लेषण, विद्युतीय प्रणालीको प्रयोग, आधुनिकीकरण, सम्पत्ति व्यवस्थापन, जोखिम विश्लेषण तथा व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन, आयोजना व्यवस्थापन, सहायक कम्पनीसँग समन्वय, सहकार्य र नियन्त्रणका विधि, अन्य सरकारी निकाय, संस्थान, निजीक्षेत्र र प्रभावित समुदायसँग समन्वय, सहजीकरण सम्बन्धी कार्य, जलविद्युत आयोजना व्यवस्थापनका प्रमुख चुनौती सहितको कार्य योजना,

(ग) कम्पनीले अगाडि बढाएका आयोजनाहरु र तीनको वर्तमान अवस्था, कम्पनीको सबल तथा दुर्बल पक्ष तथा चुनौती, आयोजना विकासका लागि कम्पनीले अबलम्बन गर्नु पर्ने प्रमुख रणनीति, आयोजना विकास तथा व्यवस्थापनको आगामी चार वर्षको मार्ग चित्र र कार्य योजना, चार वर्ष पछिको कम्पनीका आयोजनाहरूको वित्तीय, प्रशासनिक, प्राविधिक अवस्थाको चित्रण सहित प्रक्षेपित वित्तीय विवरण सहितको कार्य योजना, र

(घ) कार्य योजना कार्यान्वयनका चरणहरु, कार्यान्वयनमा आउन सक्ने समस्या र समाधानका उपायहरु, कम्पनीको अल्पकालिन तथा दीर्घकालिन लक्ष्य, क्रियाकलाप, तथा उपलव्धिको समीक्षा, कार्ययोजना कार्यान्वयनको जिम्मेवारी र सुझाव।

७. <u>मूल्याङ्कनका आधार र सोको अङ्कभार</u> : (१) छनौट समितिले प्रमुख कार्यकारी अधिकृतको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारमा कुल अङ्कभार एकसय कायम गरी देहाय बमोजिमको अङ्कभारको आधारमा छनौट गर्नु पर्नेछ :-

| | |
|---|---|
| (क) कार्य अनुभव वापत | - तीस अङ्क |
| (ख) व्यावसायिक रणनीति तथा कार्ययोजना वापत | - बीस अङ्क |
| (ग) कार्य योजना प्रस्तुतीकरण वापत | - बीस अङ्क |

(घ) अन्तर्वार्ता वापत - तीस अङ्क

(२) कार्य अनुभव वापतको अङ्क प्रदान गर्दा नियमावलीमा तोकिएको न्यूनतम कार्य अनुभव वापत बीस अङ्क र पूर्वाधार आयोजनाको निर्माण तथा व्यवस्थापनको क्षेत्रमा प्रत्येक वर्षको कार्य अनुभवका लागि थप दुई अङ्कका दरले बढीमा पाँच वर्षको दश अङ्क समेत गरी जम्मा तीस अङ्क प्रदान गर्नु पर्नेछ।

तर एक वर्ष भन्दा कम अवधिको कार्य अनुभव वापतको अङ्क गणना दामासाहीको हिसाबले गणना गर्नु पर्नेछ।

(३) व्यावसायिक रणनीति तथा कार्ययोजना वापतको अङ्क प्रदान गर्दा देहाय बमोजिम प्रदान गर्नु पर्नेछ :-

(क) जलविद्युत विकासमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य वापत -पाँच अङ्क

(ख) संस्थागत सुशासन र सहायक कम्पनी र अन्य सरोकारवाला निकायसँगको सहसम्बन्ध सम्बन्धी कार्य योजना वापत -पाँच अङ्क

(ग) प्रक्षेपित वित्तीय विवरण वापत -पाँच अङ्क

(घ) कार्य योजनाको कार्यान्वयन -पाँच अङ्क

(४) कार्ययोजना प्रस्तुतीकरण वापतको अङ्क प्रदान गर्दा देहाय बमोजिम प्रदान गर्नु पर्नेछ :-

(क) तर्कपूर्ण प्रस्तुति वापत - पाँच अङ्क

(ख) विषय वस्तुको विश्लेषणात्मक बुझाई वापत - पाँच अङ्क

(ग) कार्ययोजना प्रतिको स्पष्टता वापत - पाँच अङ्क

(घ) सञ्चार कौशल वापत - पाँच अङ्क

(५) अन्तर्वार्ताको अङ्क प्रदान गर्दा देहाय बमोजिम प्रदान गर्नु पर्नेछ :-

(क) विषयवस्तुको ज्ञान वापत - पन्ध्र अङ्क

(ख) व्यवस्थापन तथा नेतृत्व गर्ने क्षमता वापत - दश अङ्क

(ग) व्यक्तित्व र आत्मविश्वास वापत - पाँच अङ्क

(६) छनौट हुने उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अन्य विषयहरु छनौट समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>छनौट प्रक्रिया</u> : (१) दफा ४ बमोजिम कम्पनीमा प्राप्त दरखास्त तथा कागजात दरखास्त दिने म्याद समाप्त भएको तीन दिनभित्र छनौट समितिमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कम्पनीमा प्राप्त दरखास्त तथा कागजात छनौट समितिमा पठाउँदा उम्मेदवारले सिलबन्दी गरी पेश गरेको व्यावसायिक रणनीति तथा कार्ययोजना समेत पठाउनु पर्नेछ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता र अनुभवका आधारमा छनौट सूची तयार गरी रीत पुगेका उम्मेदवारको मात्र व्यावसायिक रणनीति तथा कार्ययोजना परीक्षण गराउनु पर्नेछ।

(४) व्यावसायिक रणनीति तथा कार्ययोजना परीक्षण गराउँदा दुई जना सम्बन्धित विषय विज्ञबाट गराउनु पर्नेछ। यसरी परीक्षण गराउँदा उम्मेदवारको परिचय नखुल्ने गरी सात दिनभित्र छुट्टाछुट्टै कोडिङ्ग समेत गरी गोप्य रुपमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको आधारमा औषत अङ्क निकाली त्यसलाई कार्ययोजना वापतको प्राप्ताङ्कको रुपमा तालिका बनाई गणना गर्नु पर्नेछ। त्यसरी गणना गर्दा चालीस प्रतिशत वा आठ वा सो भन्दा बढी अङ्क ल्याउने उम्मेदवारहरुको सूची तयार गरी प्राप्ताङ्क तालिका सम्बन्धी कागजात सिलबन्दी गर्नु पर्नेछ। त्यसरी प्राप्ताङ्क उल्लेख भएको कागजात अन्तर्वार्ता लिई सके पछि अन्तिम अङ्क गणना गर्दा छनौट समितिले तोकेको कर्मचारीले मात्र खोल्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सूचीमा नपरेका उम्मेदवारलाई त्यस पछिका छनौट प्रक्रियामा समावेश गरिने छैन।

(७) उपदफा (५) बमोजिमको सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यावसायिक रणनीति तथा कार्ययोजना प्रस्तुति र अन्तर्वार्ताको लागि मिति, समय र स्थान तोकी अन्तर्वार्ता हुनु भन्दा सात दिन अगावै सूचना दिनु पर्नेछ। त्यस्तो मिति, समय र स्थानमा उम्मेदवारहरुले व्यावसायिक रणनीति तथा कार्ययोजना प्रस्तुति गर्नु पर्नेछ।

(८) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुन आउँदा आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र र दरखास्त साथ पेश गरेका कागजातको सक्कल प्रति साथै लिई आउनु पर्नेछ।

(९) छनौट समितिका सदस्यहरुले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको प्रस्तुतीकरणको मूल्याङ्कन गरी दस्तखत गरी सिलबन्दी गरी सहिछाप गर्नु पर्नेछ।

(१०) छनौट समितिले उपदफा (५) बमोजिमको सूचीमा परेका उम्मेदवारको अन्तर्वार्ता लिँदा दफा ७ को उपदफा (५) बमोजिमका आधारमा मूल्याङ्कन गरी प्रत्येक सदस्यले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको अन्तर्वार्ताको मूल्याङ्कन गरी दस्तखत गरी सिलबन्दी गरी सहिछाप गर्नु पर्नेछ।

(११) प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क गणना गर्दा सबै सदस्यहरुले दिएको अङ्क जोडी सोको औषत निकाली प्राप्ताङ्क कायम गर्नु पर्नेछ।

(१२) छनौट समितिले कार्य अनुभव वापतको अङ्क, व्यावसायिक कार्ययोजना वापतको अङ्क, कार्ययोजनाको प्रस्तुतीकरण वापतको अङ्क, अन्तर्वार्ता समेतको प्राप्ताङ्क जोडी तालिका बनाई सोको आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार छनौट गरी नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

९. **छनौट सम्बन्धी कागजात गोप्य रहने** : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धमा, व्यावसायिक रणनीति तथा कार्ययोजना, सोको परीक्षण, विज्ञ छनौट, अन्तर्वार्तामा प्राप्त अङ्क तथा अङ्क गणना सम्बन्धी कागजात गोप्य रहने छन्।

१०. **खारेजी र बचाउ** : (१) विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) विद्युत उत्पादन कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

# अनुसूची-१

(दफा ८ को उपदफा (१०) सँग सम्बन्धित)

## प्रस्तुतीकरणको मूल्याङ्कन फारम

| क्र. सं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | तर्कपूर्ण प्रस्तुति | विषय वस्तुको विश्लेषणात्मक बुझाई | कार्ययोजना प्रतिको स्पष्टता | सञ्चार कौशल | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

उम्मेदवारको संख्या :

प्रस्तुतीकरण मिति :

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई-भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायतको नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा आदि केही छैन।

मूल्याङ्कनकर्ताको दस्तखतः

नाम, थरः

दर्जाः

मितिः

**द्रष्टव्य** :

१. प्रस्तुतीकरण लिन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार छनौट समितिका संयोजक तथा सदस्य वा विज्ञ सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिसइवी इत्यादी केही भएमा मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको मूल्याङ्कनमा भाग लिनु हुँदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ।

२. मूल्याङ्कनकर्ताले पूर्णाङ्कको चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। यसरी चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ। कारण नखुलाई चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा घटीमा चालीस प्रतिशत र बढीमा सत्तरी प्रतिशत अङ्क कायम गरी गणना गरिनेछ।

## अनुसूची-२

(दफा ८ को उपदफा (११) सँग सम्बन्धित)

### अन्तर्वार्ता मूल्याङ्कन फारम

| क्र. सं. | उम्मेदवार को नाम, थर | प्राप्ताङ्क | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | विषय वस्तुको ज्ञान | व्यवस्थापन तथा नेतृत्व गर्ने क्षमता | व्यक्तित्व र आत्मविश्वास | अङ्कमा | अक्षरमा | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

उम्मेदवारको संख्या :

अन्तर्वार्ता मिति :

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजु, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई-भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायतको नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा आदि केही छैन।

अन्तर्वार्ताकर्ताको दस्तखतः

नाम, थरः

दर्जाः

मितिः

**द्रष्टव्य** :

१. अन्तर्वार्ता लिन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार छनौट समितिका संयोजक तथा सदस्य वा विज्ञ सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा

रिसइवी इत्यादी केही भएमा मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको मूल्याङ्कनमा भाग लिनु हुँदैन। त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ।

२. मूल्याङ्कनकर्ताले पूर्णाङ्कको चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। यसरी चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ। कारण नखुलाई चालीस प्रतिशत भन्दा कम र सत्तरी प्रतिशत भन्दा बढी अङ्क दिएकोमा घटीमा चालीस प्रतिशत र बढीमा सत्तरी प्रतिशत अङ्क कायम गरी गणना गरिनेछ।